असोज,२०८२

# विद्यालयमा वृत्ति परामर्शसम्बन्धी कस्टमाइज्ड शिक्षक तालिम पाठ्यक्रम

## आधारभूत तह तथा माध्यमिक तह


नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

सानोठिमी, भक्तपुर

## विषयसूची


| क्र. स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | परिचय | १ |
| २. | तालिमका सक्षमता | २ |
| ३. | तालिमका विषयवस्तु | २ |
| ४. | तालिम कार्यान्वयन प्रक्रिया | ३ |
| ५. | तालिम मूल्याङ्कन | ५ |
| ६. | कार्ययोजना तथा प्रतिबद्धता | ५ |

## १. परिचय

गुणस्तरीय मानव पुँजीले मुलुकको आर्थिक समृद्धि, सामाजिक प्रगति र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणमा शिक्षाले बलियो आधारशिलाको रूपमा काम गर्छ। यसले नवप्रवर्तन, उद्यमशीलता, व्यावसायिक क्षमता र उत्पादकत्व बढाउँछ। शिक्षालाई उत्पादन र रोजगारीसँग पनि जोड्नु पर्दछ। विद्यार्थीको चाहना र रुचि एकातिर हुने अनि अभिभावकको इच्छा अर्कोतिर भई तनावको अवस्था सिर्जना हुने गरेको देखिन्छ। तसर्थ श्रममा संलग्न हुने, श्रम सिप विकास गर्ने, सकारात्मक भावका साथ लाग्ने, भावी जीवनको वृत्तिका बारेमा चिन्तन र सोको योजना निर्माण तथा प्रयोग गर्ने सिप विकास गराउन आवश्यक छ। विद्यालय तहका विद्यार्थीलाई आफ्नो रुचि, चाहना, अभिक्षमता, विशेषता, उत्प्रेरणा, व्यक्तित्व, संवेगात्मक बौद्धिकता तथा आफ्नो सिक्ने तरिका पहिचान गरी सोअनुरूपको मेल खाने वृत्ति विकल्प पहिल्याउन सहयोग गर्न आवश्यक छ। ती वृत्ति विकल्पहरूका लागि आवश्यक शैक्षिक आवश्यकताहरू बुझी सही सूचना प्राप्त गर्दै भविष्यका लागि उपयुक्त वृत्ति पथ छनोट गर्न विद्यार्थीलाई सशक्तीकरण गर्नुपर्छ। माध्यमिक तहको शिक्षा र भावी शैक्षिक तथा वृत्ति पथबिचको सम्बन्धका बारेमा सुसूचित गराउनु पनि आवश्यक हुन्छ। वृत्ति परामर्शमार्फत विद्यार्थीले आफ्नो रुचिमा आधारित पेसा व्यावसाय पहिचान सकुन भन्ने ध्येयले शिक्षक पेसागत विकास प्रारूप, २०८० को मर्मअनुसार यो वृत्ति परामर्शको कस्टमाइज्ड तालिम पाठ्यक्रम विकास गरिएको छ।

विद्यार्थीमा भविश्यको वृत्ति तथा उच्च शिक्षाको विकल्प छनोटका बारेमा अनिश्चितता, अन्योलता र दबाबको अवस्था सिर्जना हुने, आत्मविश्वासमा कमी आउने र पढाइप्रति कम अभिप्रेरित हुने अवस्थामा वृत्ति परामर्शको भूमिका महत्त्वपूर्ण हुन्छ। तसर्थ विद्यार्थीको वृत्ति मार्ग प्रशस्त गर्न विद्यालयमा कार्यरत शिक्षकहरूको पेसागत दक्षता विकास गरी विद्यालयमा वृत्ति परामर्श सञ्चालन गर्न सक्षम बनाउने ध्येय यस पाठ्यक्रमको रहेको छ ।

## २. तालिम सक्षमता

यस तालिमपश्चात् सहभागीहरूमा देहायबमोजिमका सक्षमता विकास भएको हुने अपेक्षा गरिएको छः

(क) विद्यार्थीका रुचि, अभिक्षमता, सबलता र व्यक्तित्व पहिचान र सहयोग

(ख) विद्यालय तहको शिक्षापश्चात् विद्यार्थीमा उच्च शिक्षामा उपलब्ध अवसर तथा वृत्ति पथका क्षेत्रहरू पहिचान र सशक्तीकरण

(ग) विद्यार्थीमा सम्बन्धित क्षेत्रेका सूचनाको प्राप्ति, कामको संसारसँगको बोध र , भविष्यको वृत्ति पथका सम्बन्धमा निर्णय क्षमता विकास

## ३. तालिमका विषयवस्तु

| क. स. | विषयवस्तु | विस्तृतीकरण | सत्र |
|---|---|---|---|
| १. | वृत्ति परामर्शको अवधारणा र अभ्यास | • वृत्ति परामर्शको अवधारणा<br>• वृत्ति परामर्शको सैद्धान्तिक आधार<br>• विद्यालयमा वत्ति परामर्शको औचित्य<br>• नेपालका सन्दर्भमा अभ्यास | १ |
| २. | वृत्ति परामर्शका आधारभूत पक्ष | • विद्यार्थीको रुचि, आवश्यकता, सबलता, अभिक्षमता, संवेगात्मक बौद्धिकता र सिकाइका शैली पहिचानका उपकरण र सोको प्रयोग | ४ |
| ३. | वृति पथका अवसर पहिचान र शिक्षाबिचको सम्बन्ध | • सार्वजनिक र निजी क्षेत्रमा उपलब्ध कामको संसारसँगको प्रोफाइल<br>• उच्च शिक्षामा उपलब्ध अवसरहरूसँग परिचित र खोजी<br>• प्राविधिक तथा व्यावसायिक क्षेत्रमा उपलब्ध अवसरहरूसँग परिचित र खोजी<br>• कामको संसारमा समायोजनका लागि शैक्षिक तयारी र विकास | ६ |

| क्र. स. | विषयवस्तु | विस्तृतीकरण | सत्र |
|---|---|---|---|
| ४. | वृत्ति परामर्श सञ्चालन विधि | • विद्यालयमा वृत्ति परामर्शसम्बन्धी अभिमूखीकरण<br>• विद्यालयमा वृत्ति परामर्श कार्यशाला<br>• विद्यालयमा विज्ञ/सफल व्यावसायी/उद्यमशील व्यक्ति आदिलाई स्रोत व्यक्तिका रूपमा आमन्त्रण गरी अन्तरक्रिया<br>• सिकाइ तथा रोजगार मेला सञ्चालन<br>• परामर्श कक्ष<br>• विद्यार्थिका लक्ष्य निर्धारण | ३ |
| ५ | योजना निर्माण | • कक्षागत रूपमा वृत्ति परामर्श सञ्चालन योजना निर्माण | १ |
| **जम्मा सत्र** | | | **१५** |

## ४. तालिम कार्यान्वयन प्रक्रिया

### ४.१ तालिम अवधि

यो तालिम पाँच दिन अवधिको हुने छ। पाँचै दिन आमनेसामने, अनलाईन, भर्चुअल वा मिश्रित पद्धतिबाट शिक्षा तालिम केन्द्र, शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तह तथा गैरसरकारी सङ्घसंस्थाहरूले यस विषयको शिक्षक तालिम सञ्चालन गर्दा यही पाठ्यक्रमको प्रयोग गरी प्रशिक्षक प्रशिक्षण लिएका प्रशिक्षकहरूबाट तालिम सञ्चालन हुने छ। प्रति दिन ३ सत्रका दरले ५ दिनको अवधिमा १५ ओटा सत्रहरू सञ्चालन हुने छन्। प्रति सत्र १ घण्टा ३० मिनेटको हुने छ।

### ४.२ लक्षित समूह

माध्यमिक तहमा शिक्षण गर्ने शिक्षकहरू यस तालिम पाठ्यक्रमको लक्षित समूह हुन्।

### ४.३ तालिम पाठ्यक्रम कार्यान्वयन प्रक्रिया

(क) यो तालिम माध्यमिक तहमा अध्यापन गराउने शिक्षकहरूका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमका आधारमा हुने छ।

(ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रमको २०% अर्थात् ३ सत्र सम्मका विषयवस्तु तालिम प्रदायक निकायले स्थानीय विज्ञ तथा अन्य सरोकारवालाहरूको परामर्शमा परिमार्जन तथा समायोजन गर्न सक्ने छ।

## ४.४ तालिम सहजीकरण प्रक्रिया

(क) यस विषयमा प्रशिक्षक प्रशिक्षण प्राप्त प्रशिक्षकहरूबाट तालिम सत्र सहजीकरण गरिने छ।

(ख) तालिमको सत्र सहजीकरण गर्दा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्नुपर्ने छ।

(ग) सिकाइ सहजीकरणका विधि तथा सूचना प्रविधिलाई पाठ्यक्रमका विषयगत विषयवस्तुसँग पनि आबद्ध गरेर प्रयोग गर्नुपर्ने छ।

तालिम सञ्चालनका मुख्य विधिहरू

- समकालिन (Synchronous) र असमकालिन (Asynchronous) विधिहरू
- स्वाध्ययन विधि
- अनुसन्धानात्मक विधि
- प्रतिबिम्बात्मक विधि
- परियोजना विधि
- दूर सिकाइ विधि
- अन्तरक्रिया तथा छलफल विधि
- प्रदर्शन तथा नमुना अभ्यास शिक्षण विधि
- जोडी कार्य तथा समूह कार्य विधि
- अवलोकन विधि
- समस्या समाधान विधि

## ५. तालिम मूल्याङ्कन

(क) यस तालिममा सहभागी शिक्षकहरूको मूल्याङ्कन निरन्तर रूपमा तालिमका क्रममा निर्वाह गरेको भूमिका, सान्दर्भिक जागरुकता र तालिममा सहभागिताका आधारमा गरिने छ । छलफल, समूह कार्य र प्रस्तुतिका साथै तालिम पूर्व तथा तालिमपश्चात्को मूल्याङ्कनका आधार हुने छ ।

(ख) सहभागी शिक्षकहरूलाई तालिमपश्चात् तालिम सहभागिताको प्रमाणपत्र प्रदान गरिने छ ।

## ६. कार्ययोजना तथा प्रतिबद्धता

(क) सहभागीहरूले तालिम अवधिमा सिकेका ज्ञान तथा सिपका आधारमा विद्यालयमा कार्यान्वय गर्न सकिने कम्तीमा पाँचओटा कार्यको कार्ययोजना बनाई प्रस्तुत गर्नुपर्ने छ ।

| क्र.स. | क्रियाकलाप | किन | कहिले | कसरी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

(ख) सहभागीहरूले कार्ययोजना बमोजिमका सुधारहरू गर्ने प्रतिबद्धता शिक्षा तालिम केन्द्र/स्थानीय तह समक्ष गर्नुपर्ने छ ।

(ग) वृत्ति परामर्शका लागि पाठयोजना निर्माण र वृत्ति परामर्श सञ्चालन

(घ) सहभागी शिक्षकले जाहेर गरेको प्रतिबद्धता शिक्षा तालिम केन्द्र/ शिक्षा विकास समन्वय एकाइ/ स्थानीय तहले विद्यालयलाई जानकारी गराई कार्यान्वयन गरे नगरेको अनुगमन तथा सहजीकरण गराउनुपर्ने छ ।

ΩΩΩ